# मानव अधिकार अवस्था

## (मासिक विश्लेषण)[१]

सरकारी स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधिको अभाव भएको समाचार डिसेम्बर महिनामा पनि इन्सेकअनलाइनमा प्राथमिकताका साथ प्रकाशन भए । स्वास्थ्य संस्थाहरूमा सबैभन्दा बढी माग हुने एसिलक, डाइजिन, ब्रुफिन, सिटामोललगायतका औषधिको अभाव देखियो । जिल्ला अस्पतालमा निःशुल्क उपलब्ध हुने ७० प्रकारका औषधिमध्ये करिब ४० प्रकारका औषधिको अभाव भयो । स्वास्थ्य मन्त्रालयका अनुसार हरेक जिल्ला अस्पतालबाट ७०, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५८ र स्वास्थ्य चौकीबाट ३५ प्रकारका औषधि निःशुल्क वितरण गर्ने भन्ने व्यवस्था रहेको छ ।

सरकारी स्वास्थ्य संस्थामा दरबन्दी अनुसारका चिकित्सक नभएका समाचार प्रकासन भए । स्वास्थ्य संस्थामा चिकित्सकको नहुँदा सानोतिनो उपचारका लागि पनि सुगम ठाउँमा जानुपर्ने बाध्यता कायम रह्यो । प्रसुति ब्यथाबाट पीडित हुम्लाको लिमी गाविस-२ की ३५ वर्षीया डोल्माफुटी तामाङको ज्यान जोखिममा परेपछि उनको परिवारले सात लाख रुपियाँमा हेलिकप्टर चार्टर गरी थप उपचारका लागि काठमाडौं लैजानु परेको डोल्माफुटीका पति तेञ्जिङ तामाङले बताए । नेपाल सरकारले जिल्ला अस्पतालमा निःशुल्क प्रसुति सेवा लागु गरेको भए पनि प्रभावकारी रूपमा सञ्चालन नहुँदा सडक यातायात नपुगेका जिल्लाका बासिन्दा जीवन बचाउन महँगो खर्च गर्न बाध्य भएका छन् । स्वास्थ्यलाई मौलिक हकको रूपमा संविधानमै उल्लेख गरिएको भए पनि यसको प्रभावकारी कार्यान्वयनको अभाव देखियो ।

खाद्यान्न अभाव भएका कारण सुदूरपश्चिमका जिल्लाका बासिन्दा कामको खोजीमा भारततिर पलायन हुनु परेको समाचार यो महिना पनि प्रकाशन भए । क्षमताभन्दा बढी कैदी बन्दी भएका कारण बन्दीको जीवन कष्टप्रद भएका समाचारले पनि प्राथमिकता पाए ।

सरकारले व्यवस्थापिका संसद्मा पेश गरेको संविधान संशोधन विधेयक संविधान अनुकूल नभएको भनी नेकपा एमालेलगायतका विपक्षी दलले गरेको अवरोधका कारण डिसेम्बर महिनामा व्यवस्थापिका संसद्को कारबाही लगातार अवरुद्ध भयो । संसद् अवरुद्ध हुँदा अख्तियारका प्रमुख आयुक्त लोकमानसिंह कार्की विरुद्ध व्यवस्थापिका संसद्मा प्रस्तुत् भएको महाअभियोग प्रस्तावका बारेमा छलफल हुन सकेन । यसैगरी, संविधानतः आगामी वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने तीन तहको निर्वाचनसम्बन्धी विधेयकहरू पनि संसद्मा प्रस्तुत हुन सकेनन् । राजनीतिक खिचातानीका कारण विकास तथा समृद्धिका विषयहरू ओझेलमा पर्ने क्रम रोकिएनन् ।

प्रदेशको सीमाङ्कन फेरबदल गर्ने प्रस्ताव संसद्मा दर्ता गरिएको विषयमा असहमति जनाउँदै पाँच नम्बर प्रदेशका नागरिकले गरेको बन्दका कारण पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रका पहाडी जिल्लाको जनजीवन लामो समयसम्म प्रभावित भयो । यसैगरी, कैलाली र कञ्चनपुरलाई सात

---

[१] अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यो महिनादेखि मानव अधिकार अवस्था बारेको मासिक प्रतिवेदन प्रकाशन गर्न सुरुआत गर्न थालेको जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ । इन्सेकले विगत २५ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७५ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण **इन्सेकअनलाइन**मा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक अङ्ग्रेजी महिनाको ६ तारिखमा मासिक प्रतिवेदन प्रकाशन गरिनेछ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जबाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

नम्बर प्रदेशमा राखिएको र पछिल्लो संशोधनको प्रस्तावले पनि आफूहरूले विगतदेखि माग गर्दै आएको थरुहट प्रदेशको मागलाई सम्बोधन नगरेको भन्दै त्यस जिल्लाका थारुहरूले आफ्नो विमति जाहेर गर्नुका साथै विभिन्न विरोधका कार्यक्रमहरू सार्वजनिक गरे ।

| **घटनाको प्रकार** | **गैरराज्यपक्षबाट** | | | **राज्यपक्षबाट** | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | **पुरुष** | **महिला** | **जम्मा** | **पुरुष** | **महिला** | **नखुलेको** | **जम्मा** | |
| बालअधिकार | १० | २७ | ३७ | | | | | ३७ |
| अमानवीय व्यवहार | १ | | १ | | | | | १ |
| घाइते | १० | | १० | ५ | | | ५ | १५ |
| हत्या | २ | १० | १२ | | | | | १२ |
| जातीय विभेद | २ | २ | ४ | | | | | ४ |
| भेला/संगठित हुने अधिकार | | | | १८ | १ | ६ | २५ | २५ |
| धम्की | २ | | २ | | | | | २ |
| महिलाअधिकार | | २८ | २८ | | १ | | १ | २९ |
| **जम्मा** | २७ | ६७ | ९४ | २३ | २ | ६ | ३१ | १२५ |

सन् २०१६ डिसेम्बर १ देखि २०१६ डिसेम्बर ३० सम्म एक महिनाको अवधिमा हत्या, बलात्कार, बलात्कार प्रयास, बालबालिकामाथि हुने हिंसा तथा यौन शोषण तथा दुर्व्यवहार, कथित बोक्सीको आरोप तथा अमानवीय व्यवहार, मानव बेचविखन, बहुविवाह, महिला हिंसा तथा घरेलु हिंसालगायतका घटनामा कमी नआएको तथ्याङ्कले देखाउँछ । यस अवधिमा १ सय २५ जना पीडित भएको इन्सेकले अभिलेख गरेको छ ।

अभिलेखित घटनाको तथ्याङ्क अनुसार यस अवधिमा राज्यपक्षबाट दुई जना महिला र २३ जना पुरुष गरी २६ जना पीडित भए । यसैगरी, गैरराज्यपक्षबाट २७ जना पुरुष र ६७ जना महिला गरी ९४ जना पीडित भए । यस प्रतिवेदनमा घरेलु हिंसा पीडित भएको भन्दै प्रहरी कार्यालयहरूमा निवेदन दिएका पीडित महिलाको तथ्याङ्क समावेश गरिएको छैन । इन्सेकले गरेको अध्ययन अनुसार सरदर दैनिक १५ जना महिलाले घरेलु हिंसा भएको भन्दै प्रहरी कार्यालयमा उजुरी गर्ने गरेका छन् ।

अभिलेखित घटनाको तथ्याङ्क अनुसार यो अवधिमा महिला र बालबालिका बढी पीडित भएको पाइएको छ । गैरराज्यपक्षबाट भएको बालअधिकारका घटनामा २७ बालिका र १० बालक पीडित भएको अभिलेख छ । यसमध्ये ११ जना बालिका बलात्कृत भएको र एक जना बालिकामाथि यौन दुर्व्यवहारको घटना भएको इन्सेकले अभिलेख गऱ्यो ।

यो अवधिमा १८ वर्षभन्दा माथिका आठ जना महिलामाथि बलात्कार र एक जना महिलामाथि यौन दुर्व्यवहार भयो । कथित बोक्सीको आरोपमा एक जना महिला र बहुविवाहका घटनामा आठ जना, मानव बेचविखनका घटनामा पाँच जना महिला पीडित भएको अभिलेख छ ।




यसैगरी, सात जना महिलाको परिवारजनबाट हत्या भएको इन्सेकले अभिलेख गर्‍यो । अभिलेख अनुसार पाँच ओटा घटनाका आरोपित कानुनी दायरामा छन् भने एक जना फरार रहेका छन् भने एक जना आरोपितले पत्नीको हत्या गरी आत्महत्या गरे ।




जातीय विभेदका घटनामा चार जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । अन्तरजातीय प्रेम सम्बन्ध गरेको आरोपमा गुल्मीको अर्वेनी गाविस-५ का ८१ वर्षीय लालबहादुर सुनार र सोही डाउँकी ४२ वर्षीया सावित्रा न्यौपानेलाई स्थानीयले पुस १ गते गाउँ निकाला गरे । उनीहरूलाई

गाउँ निकालाको कागजमा जबरजस्ती औँठा छाप गर्न लगाई गाउँनिकाला गरिएको पीडितले बताए ।

कथित बोक्सीको आरोपमा अभक्ष खुवाएर निर्घात कुटपिट गरिएपछि काभ्रे सानो वाङथली-७ की ३३ वर्षीया लक्ष्मी परियारको मङ्सिर २४ गते मृत्यु भएको समाचार प्रकाशनमा आयो । इन्सेक जिल्ला प्रतिनिधिको नेतृत्वमा गएको टोलीले घटनाको स्थलगत अध्ययन गरेको छ । घटनाका बारेमा मिहिन ढङ्गले अध्ययन गरिरहेकाले प्रतिवेदन सार्वजनिक गर्ने क्रममा थप तथ्यहरू पनि सार्वजनिक गरिने नै छ ।

गत वर्ष मात्रै छाउ गोठमुक्त घोषित अछामको गाज्रा गाविस-७ की १५ वर्षीया रोशनी तिरुवाको छाउगोठमै मृत्यु भएको छ । झ्याल नभएको र भित्र आगो बालेको कारण निस्सासिएर मृत्यु भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको घटनास्थल पुगेका जिल्ला प्रहरी कार्यालय अछामका इन्स्पेक्टर बद्रिप्रसाद ढकालले बताए । गत मङ्सिर ४ गते राति तिमिल्सेन गाविसकी २६ वर्षीय डम्बरा उपाध्यायको छाउगोठमै मृत्यु भएको थियो । सन् २००७ देखि हालसम्म अछाम जिल्लामा नौ जना महिलाको छाउपडी गोठमै ज्यान गइसकेको छ ।

**निष्कर्ष**

मानव अधिकारको प्रत्याभूति त्यतिबेला हुन्छ जब मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता लागु गरिन्छन् । राज्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा उल्लेख्य कमी आएको भए पनि गैरराज्यपक्षबाट हुने उल्लङ्घन र ज्यादतीका घटनामा बढोत्तरी भएको देखिन्छ । महिलामाथि हुने हिंसा न्यूनिकरणमा शून्य सहनशीलताको नीति राज्यले अपनाएको भनिए पनि चेतनाको अभाव र भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलामाथि हुने हिंसाका घटनामा कमी आएको छैन । घरेलु हिंसाका घटनालाई परिवारभित्रको विषय मान्ने प्रवृत्ति र घरेलु हिंसा कसुर तथा सजाय ऐन, २०६५ मा रहेको मेलमिलापसम्बन्धी प्रावधानका कारण प्रहरी कार्यालयमा मिलापत्र गरिदिने प्रचलनले महिला अझ प्रताडित हुनुपरेको छ ।

**सुझाव**

१. महिला तथा बालबालिकामाथि हुने हिंसा विरुद्ध स्थानीय रेडियो तथा सञ्चारका अन्य माध्यमबाट जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
२. छाउपडी प्रथा अन्त्यका लागि जनचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्ने ।
३. सरकारले घोषणा गरेको निःशुल्क वितरण गरिने औषधीहरू सहज प्राप्तीका लागि भरपर्दो संयन्त्रको विकास गर्ने ।


मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन-१३, स्यूचाटार, काठमाडौं, पत्र मञ्जुषाः २७२६, काठमाडौं

फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१

इमेलः insec@insec.org.np वेबसाइटः www.insec.org.np, www.inseconline.org